
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २४८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज २ गते सोमबार ❑ 19 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## अल्पविकसित मुलुकलाई दिगो विकास लक्ष्य हासिल गर्न थप सहयोगको खाँचो : प्रधानमन्त्री दाहाल

रासस
काठमाडौं, १ असोज

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले अल्पविकसित मुलुकलाई सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्न चुनौतीपूर्ण रहेकाले विकसित मुलुकहरूले आफ्नो प्रतिबद्धताअनुसारको वित्तीय सहयोग उपलब्ध गराउनुपर्ने बताउनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घको ७८औँ महासभामा भाग लिन न्युयोर्कमा रहनुभएका प्रधानमन्त्री दाहालले अल्पविकसित मुलुकहरूको समूहको दिगो विकासका लक्षसम्बन्धी सम्मेलनलाई सम्बोधन गर्दै कोभिड-१९ महामारी, जलवायु परिवर्तन, भूराजनीतिक तनावजस्ता विभिन्न खालका सङ्कटको प्रभावले अल्पविकसित मुलुकलाई दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि समस्या भएको बताउनुभयो । अल्पविकसित राष्ट्रहरूलाई स्तरोन्नतिका लागि थप योजना ल्याइनुपर्ने प्रस्ताव उहाँले सम्मेलनमा राख्नुभयो । "सन् २०२१ को तुलनामा २०२२ मा अल्पविकसित मुलुकहरूमा आउने प्रत्यक्ष वैदेशिक लगानी ३० प्रतिशतले घटेको




छ । पूर्वाधार, नवीकरणीय ऊर्जा, खानेपानी तथा सरसफाइ, खाद्य सुरक्षा, स्वास्थ्य, शिक्षालगायतका क्षेत्रमा भइरहेको लगानीमा धक्का लागेको छ", सम्मेलनमा प्रधानमन्त्री दाहालले भन्नुभयो, "दिगो विकाससम्बन्धी प्रोत्साहन प्याकेजमार्फत अल्पविकसित मुलुकलाई सस्तो दरको वित्तीय लगानी उपलब्ध गराउन आवश्यक छ ।" विकसित देशहरूले प्रतिबद्धता जनाएअनुसार आफ्नो कूल राष्ट्रिय आयको शून्य दशमलव सात प्रतिशत विकासोन्मुख देश र शून्य दशमलव १५ देखि शून्य दशमलव २० प्रतिशतसम्म अल्लविकसित मुलुकलाई विकास सहायताका रूपमा उपलब्ध गराउनुपर्नेमा प्रधानमन्त्री दाहालले जोड दिनुभयो । "वित्तीय लगानीबाटै दिगो विकास लक्ष्य पूर्ति गर्न सकिने र सफलता तथा असफलताको मापन यसैका आधारमा हुनेछ", उहाँले भन्नुभयो, "यद्यपि हामीले विश्वास गुमाएका छैनौँ । हामी एक्लैले गरेर मात्र पुग्दैन । अन्तर र्ष्ट्रिय समुदायको प्रतिबद्धता र सहयोग आवश्यक छ ।"

अतिकम विकसित मुलुकको औसत बाह्य ऋण सन् २०११ मा ४१ प्रतिशत रहेकामा सन् २०२२ मा ५४ प्रतिशत पुगेको उल्लेख गर्नुहुँदै प्रधानमन्त्री दाहालले ऋणको उच्च लागतका कारण दिगो विकास लक्ष्य पूर्ति गर्नका लागि लगानी अवरुद्ध गरेको र ऋण सङ्कटको जोखिम पनि बढाएको बताउनुभयो । सन् २०२५ सम्ममा अल्पविकसित राष्ट्रहरूको ऋण सङ्कटलाई सम्बोधन गर्ने र समयमै त्यसको समाधान खोज्ने गरी प्राथमिकता निर्धारण गर्नुपर्ने अवस्था आइसकेको प्रधानमन्त्री दाहालले बताउनुभयो ।

दिगो विकास लक्ष्य प्राप्त गर्नु नेपालको पनि उच्च प्राथमिकताको विषय भएको र नेपालका नीति तथा योजनामा दिगो विकास लक्ष्य हासिल गर्नेगरी लक्ष्य तथा उद्देश्य निर्धारण गरिएको प्रधानमन्त्री दाहालको भनाइ छ । त्यस्तै नेपालले सन् २०२६ सम्ममा स्तरोन्नति भइसक्ने गरी काम गरिरहेको दाहालले बताउनुभयो । अल्पविकसित देशहरू आन्तरिक स्रोत परिचालन गर्ने संस्थाको क्षमता बलियो बनाउन लागिरहेको उहाँले उल्लेख गर्नुभयो । गरिबी उन्मूलन र असमानता घटाउनका लागि लागिपरेको उहाँको भनाइ छ । 'दोहा प्रोग्राम अफ एक्सन' र पेरिस सम्झौता कार्यान्वयन तथा सन् २०४५ सम्ममा शून्य कार्बन उत्सर्जनसम्बन्धी नेपालको प्रतिबद्धताबारे पनि उहाँले स्मरण गर्नुभयो । अहिले नेपाल अल्पविकसित मुलुकहरूको फोरमको अध्यक्ष राष्ट्र हो ।

## पोखरामा बिरामीलाई निःशुल्क एम्बुलेन्स सेवा

पोखरापत्र संवाददाता
पोखरा, १ असोज

पोखरा महानगरपालिकाका दुई वडाले संयुक्तरूपमा बिरामीका लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएका छन् ।

पोखरा महानगरपालिका-१६ र १९ ले वडावासीका लागि एम्बुलेन्स सेवा प्रदान गर्न एम्बुलेन्स सेवा प्रदायक संस्था नव आदर्श सामुदायिक विकास समाज तथा मातृशिशु मितेरी अस्पतालसँग सम्झौता गरेका छन् । महानगरपालिकाका प्रमुख धनराज आचार्यको उपस्थितिमा पोखरा-१६ का वडाध्यक्ष अमृत शर्मा तिमिल्सिना र वडा नं १९ का वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले सेवा प्रदान गर्ने सम्बन्धमा समाजका अध्यक्ष स्वागतसिंह भण्डारी र मितेरी अस्पतालका स्वास्थ्य सेवा प्रमुख धर्मदेव ढकालसँग एम्बुलेन्स सेवा प्रदान गर्ने सम्बन्धमा हस्ताक्षर गर्नुभएको हो । स्थानीयवासीका लागि प्रयोग गरिएको एम्बुलेन्सको भाडामा वडा कार्यालयबाट भुक्तानी हुने गरी सहमति गरिएको छ । दुवै वडाका नागरिकले यी दुई संस्थाबाट सञ्चालित एम्बुलेन्स तथा शवबाहनबाट कास्की जिल्लाभित्र प्रयोग हुने गरी चौबीसै घण्टा सेवा लिन सक्ने वडा नं १६ का वडाध्यक्ष तिमिल्सिनाले बताउनुभयो ।

उहाँका अनुसार एम्बुलेन्स प्रयोगकर्ताले परिचयका लागि आफ्नो परिचय खुल्ने कुनै पनि प्रकारको परिचयपत्र उपलब्ध गराउनु पर्नेछ । "नागरिकको सहजताका लागि दुवै वडाको पहलमा एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएका हौं । यसबाट विपन्न तथा ग्रामीण क्षेत्रका नागरिकलाई अझ बढी सहयोग पुग्ने विश्वास लिएका छौँ", वडाध्यक्ष तिमिल्सिनाले भन्नुभयो । पोखरा यी दुई वडा बजारको उत्तरी क्षेत्रमा तथा विशेषगरी ग्रामीण भूगोलमा पर्दछन् ।

नव आदर्श समाजको फोन नं ०६१-४४४१००, ९८५६०१५२०६, ९८५६०१६२०६ तथा मातृशिशु अस्पतालको ०६१-४४३१४४ मा फोन गरेर एम्बुलेन्स सेवा लिन सकिने जनाइएको छ । यसअघि पनि १६ नं वडा कार्यालयले वडाभित्रका स्वास्थ्य संस्थामा सुत्केरी सेवा लिनेका लागि निःशुल्क एम्बुलेन्स सेवाका साथमा आमा पोषणका लागि रु एक हजार बराबरको सहयोग प्रदान गर्दै आइरहेको छ । सो कार्यक्रम यस वर्ष पनि निरन्तर रहेको बताइन्छ ।

## लामाचौर तीज महोत्सव सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १ असोज

तीज अवसरमा नवआदर्श सामुदायिक विकास समाजको आयोजनामा २५ औं लामाचौर तीज महोत्सव सफलतापूर्वक सम्पन्न भएको छ ।

महोत्सव अवसरमा राष्ट्रिय भलिबल प्रतियोगिता, अन्तरमहिला समूहगत खुला तीज गीत तथा अन्तरविद्यालयस्तरीय लोकनृत्य प्रतियोगितालगायतविविधप्रतियोगिता प्रमुख आकर्षण रहे । ३ दिनसम्म चलेको महोत्सवको सोमबार समापनमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले यसखालका मेला महोत्सवले संस्कृति संरक्षणका साथै आर्थिक गतिविधि बढाउन




मद्दत मिल्ने बताए । अन्तरमहिला समूहगत खुला तीज गीत तथा अन्तरविद्यालयस्तरीय लोकनृत्य प्रतियोगिता दुवैमा लामाचौरकै वर्चश्व रह्यो । अन्तरमहिला समूहगत खुला तीज गीतमा लामाचौरको जाल्पादेवी महिला सामुदायिक विकास प्रथम भयो । दोस्रो हेमजाको देवीस्थान भजन समूह, तेस्रो महिला सामुदायिक स्वास्थ्य समाज पोखरा १९ र सान्त्वना गैराबारी कोपिला महिला समूह पोखरा १९ भए । प्रथमलाई ५०, दोस्रोलाई ३०, तेस्रोलाई २० र

बाँकी अन्तिम पृष्ठमा ▶▶

## शिक्षक महासङ्घलाई वार्तामा आउन सरकारको आग्रह

पोखरापत्र संवाददाता
पोखरा, १ असोज

नेपाल शिक्षक महासङ्घले विभिन्न माग राखी यही असोज ३ गतेदेखि आन्दोलनका कार्यक्रम घोषणा गरेपछि सरकारले वार्ताका लागि बोलाएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आज एक विज्ञप्ति जारी गर्दै महासङ्घलाई वार्ताका लागि बोलाएको हो । "महासङ्घले आकस्मिक रूपमा संविधान दिवसको दिनबाट घोषणा गरेको विद्यालय बन्द र आन्दोलनका कार्यक्रम स्थगन गरी शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीको संयोजकत्वमा भोलि असोज २ गते दिउँसो ३ बजे शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा हुने वार्तामा सहभागी हुन नेपाल शिक्षक महासङ्घलाई आग्रह गर्दछ", मन्त्रालयको विज्ञप्तिमा भनिएको छ ।

सरकारले विद्यालय शिक्षा विधेयक २०८० संसद्मा दर्ता गरिसकेको र महासङ्घले उठाएका माग विधेयकमा अटाएको मन्त्रालयको दाबी छ ।

"विधेयकलाई अन्तिम रुप दिनुअघि महासङ्घका पदाधिकारीसँग विभिन्न चरणमा छलफल भएको र महासङ्घले पेस गरेका विद्यालय शिक्षक तथा कर्मचारीको पेसागत हकहितसँग सम्बन्धित सुझावलाई यथासक्य विधेयकमा समावेश गरिएको छ", मन्त्रालयले विज्ञप्तिमा भनेको छ, "महासङ्घले उठाएका कतिपय मागहरू विधेयक पारित भएपश्चात् तर्जुमा हुने नियमावली तथा सरकारको नीतिगत निर्णयबाट समेत सम्बोधन हुने प्रकृतिका रहेका छन् ।"

महासङ्घले अघि सारेका मागलाई सम्बोधन गर्न सरकार तयार रहेको पनि विज्ञप्तिमा जनाइएको छ ।

संविधान दिवस, २०८० भव्य रुपमा मनाऔं ।

संविधान दिवस २०८० को अवसरमा असोज २, ३ र ४ गते विभिन्न कार्यक्रमको आयोजना गरौं ।

घर तथा कार्यालयमा दीपावली गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## मुलुकको विकास लागि विज्ञान प्रविधिको प्रयोग आवश्यक : अध्यक्ष ओली

रासस
पोखरा, १ असोज

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले मुलुकका विकास लागि विज्ञान प्रविधिको प्रयोग गर्नुपर्ने बताउनुभएको छ ।

ललितपुर, च्यासलस्थित एमाले पार्टी कार्यालयमा एमाले विज्ञान तथा प्रविधि विभागले राष्ट्रिय विज्ञान दिवसको अवसरमा आयोजना गरेको 'नेपालमा विज्ञान तथा प्रविधिको वर्तमान अवस्था र चुनौतीहरू' विषयक अन्तरक्रिया कार्यक्रममा उहाँले विज्ञान प्रविधिको प्रयोग नगरिकन मुलुकको विकास सम्भव नहुने बताउनुभयो । उहाँले विज्ञानलाई नेपालले बुझेको भन्दै विज्ञान प्रविधिको सही प्रयोग गर्नुपर्ने धारणा राख्नुभयो । अध्यक्ष ओलीले विज्ञान अत्यन्तै आवश्यक कुरा रहेको उल्लेख गर्दै विज्ञानको विकास गर्ने कि प्राप्त गर्ने भन्ने कुरा मात्र फरक रहेको बताउनुभयो । उहाँले विज्ञानले प्रकृतिमा रहेका नियमलाई सत्यतथ्यलाई बताउने बताउनुभयो ।

उहाँले ज्ञान र शिक्षाको पहिलो थलो हाम्रो मुलुक रहेको भन्दै ज्ञान प्राप्त गर्ने कुरामा बीचमा 'ब्रेक' लागेको र अहिले त्यो हटेको धारणा राख्नुभयो । उहाँले मुलुकको विकास गर्नका लागि कठिनाइ रहेको उल्लेख गर्दै भन्नुभयो,

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

का.जि.द.नं. ५६/०५६ हु.नि.पो.द.नं. ०१/०७९/०८०


# पुलिसलाई राष्ट्रिय महिला भलिवल प्रतियोगिताको उपाधि

## पुरुष तर्फ भने उपाधिको लागि मंगलबार गण्डकीसँग पुलिस भिड्ने

पोखरापत्र संवाददाता
पोखरा, १ असोज

नेपाल पुलिस क्लवले उत्कृष्ट प्रर्दशन गर्दै राष्ट्रिय महिला भलिवल प्रतियोगिताको उपाधि जित्न सफल भएको छ।

पोखराको लामाचौरमा सोमबार सम्पन्न भएको फाइनल खेलमा विभागिय टोली पुलिसले चिरपरिचित प्रतिद्धोन्दी चन्द्रगिरी नगरपालीका न्यू डायमण्ड युथ स्पोटेर्स क्लवलाई ३–१ को सेटमा पराजित गर्दै उपाधि जित्न सफल भएको हो।

पहिलो सेटमा पराजय भोगेको पुलिसले लगातार तीन सेट आफ्नो पोल्टामा पार्‍यो। पुलिसले डायमण्ड माथि १८–२५, २५–२२,२५–१४ र २५–२० को सेटमा पराजित गरेको हो। पुलिसले उपाधि सहित १ लाख ५० हजार नगद पुरस्कार आफ्नो पोल्टामा पार्न सफल भयो। उपविजेता भएको डायमण्डले १ लाख रुपैयाँ साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्‍यो। यस अघि लिग चरणको खेलमा पुलिसले अर्को विभागिय टोली सशस्त्र प्रहरी वलको एपिएफ क्लवलाई पराजित गरेको थियो। ४ टिम सहभागि खेलमा पुलिसले आफ्नो अपराजित यात्रा कायमै राख्न सफल भयो। पुलिसको कुल ३ खेलबाट कुल ८ अंकका साथ तालिकाको शीर्षस्थानमा रहँदै फाइनल प्रवेश गरेको थियो भने डायमण्ड ३ खेलबाट ६ अंकका साथ दोस्रो स्थानमा रहँदै फाइनल प्रवेश गरेको थियो। एपिएफको चार तथा एभरेष्ट भलिबल क्लब अंकविहिन भएको छ।



त्यसै गरी पुरुष तर्फ घरेलु टिम गण्डकी प्रदेश र नेपाल पुलिस क्लव बिचको फाइनल खेल संचालनकै क्रममा लाइट प्रोटेस्ट (प्रकाशको कमी) भएको कारण स्थगीत भएको छ। पुलिसले पहिलो सेट २५–१९ आफ्नो पोल्टामा पार्दा दोश्रो सेट गण्डकीले २५–२२ मा आफ्नो पक्षमा पारेको थियो। स्थागित भएको खेल मंगलबार बिहान पुनः ९:०० बजे पछि हुने भएको छ। नवआदर्श सामुदायिक विकास समाज (नाकोड्स) को आयोजनामा संचालन भएको उक्त प्रतियोगितामा पुरुष तर्फ ५ टिमको सहभागिता रहेको समाजका अध्यक्ष स्वागतसिंह भण्डारीले बताउनु भयो। हरितालिका तिज पर्वको अवसरमा सोमबार बिहान लिग त्यस पछि फाइनल खेल भएको हो। समाजको २७ औं बार्षिकोत्सव एवं २५ औ संस्करणको लामाचौर तीज महोत्सव भएको हो। पुरुष तर्फ गण्डकी तालिकाको शीर्षस्थानमा रहँदै फाइनल प्रवेश गरेको हो। कुल चार खेलबाट गण्डकीको ९ अंक बटुल्दै फाइनलमा प्रवेश गरेको हो। समान खेलबाट समान अंकसहित तालिकाको दोस्रो स्थानमा रहँदै पुलिस फाइनलमा प्रवेश गरेको हो। सोमबारनै एपिएफले मणिमुकुन्द भलिबल क्लबलाई ३-१ को सेटले पराजित गरेको थियो। एपिएफको कुल चार खेलबाट दुई जित दुई हार सहित ७ अंक संकलन गर्दा मणिमुकुन्दको चारखेलबाट दुई जित र दुई हार सहित पाँच अंक प्राप्त गर्‍यो। गलकोट स्पोर्टर्स क्लबको चार खेलबाट चार हारसहित अंकविहिन भएको छ।

यसपाली राष्ट्रिय खेलाडीहरु सहभागि नहुँदा पनि उक्त प्रतियोगितामा दर्शकको भने निकै उत्साहजन रुपमा सहभागिता रहेको थियो। पोखराको लामाचौर तीज महोत्सवको अवसरमा आयोजित राष्ट्रिय भलिवल कप अवलोकन गर्न दर्शकहरुको फाइनलको दिनमा निकै भिड भएर बिचमै टिकट बन्द गर्नु परेको थियो। महिला तर्फको फाइनल खेल पुलिस बिरुद्ध न्यू डायमण्ड बिचको खेल सुरु भएको केही समयमै टिकट बन्द गर्नु परेको थियो।

# आठौं संस्करणको पोखरा स्पोर्ट्स अवार्डको तयारी सुरु

पोखरापत्र संवाददाता
पोखरा, १ असोज

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गर्ने आठौं संस्करणको पोखरा स्पोर्ट्स अवार्डको तयारी सुरु भएको छ। अवार्ड कार्यक्रमको तयारी स्वरुप सोमबार सहारा क्लब पोखरा, सहारा यूके, रामबजार सोसाइटी यूके, तमु समाज यूके आमा समुह, सहारा क्लब हङकङ लगायतसँग छलफल गरिएको मञ्चका महासचिव राजाराम पौडेलले जानकारी दिए।

छलफलमा सहारा यूकेका सल्लाहकार एवं सहारा क्लब पोखराका मानार्थ सदस्य महेश गुरुङ, सहारा यूकेका संस्थापक सल्लाहकार लोक गुरुङ, पूर्व राष्ट्रिय खेलाडी रुपक गुरुङ, सहारा क्लब पोखराका संस्थापक कोषाध्यक्ष रामचन्द्र गुरुङ, तमु समाज यूके आमा समुह अध्यक्ष उमा गुरुङ, रामबजार सोसाइटी यूकेका अध्यक्ष रामबहादुर गुरुङ, सहारा क्लब पोखराका अध्यक्ष केशवराज बराल, निवर्तमान अध्यक्ष हरिराम गुरुङ सुरज, पूर्व अध्यक्ष विक्रम थकाली, सहारा क्लब हङकङका अध्यक्ष दीपक गुरुङ लगायत सहभागी बनेका थिए। सहभागीहरुले मञ्च गण्डकीले आयोजना गर्ने पोखरा स्पोर्ट्स अवार्डको लोकप्रियता बढ्दै गएको बताए। अवार्ड कार्यक्रमलाई अझै भव्य



बनाउन गर्नुपर्ने महत्वपूर्ण सुझावहरु दिँदै आफूहरु सदैव मञ्चको साथमा रहने प्रतिवद्धता जनाए। समाजमा रहेका विकृती विसंगती विरुद्ध आवाज उठाउदै पोखराको खेलकुदको विकासमा निरन्तर क्रियाशिल बन्न मञ्चलाई उनीहरुको आग्रह थियो। तमु समाज यूके आमा समुह अध्यक्ष उमा गुरुङले आठौं संस्करणको पोखरा स्पोर्ट्स अवार्डको लागि आफ्नो व्यक्तिगत तर्फबाट १० हजार रुपैयाँ मञ्चका अध्यक्ष दीननाथ बराललाई हस्तान्तरण गरिन्।

सहारा क्लब पोखराको संस्थापक कोषाध्यक्ष समेत रहेकी उनले अवार्ड कार्यक्रमका लागि आगामी दिनमा थप सहयोग गर्ने प्रतिवद्धता समेत जनाइन्। अन्य सहभागीले समेत अवार्ड कार्यक्रममा सहयोग गर्ने वचन दिएका थिए। सोही कार्यक्रममा सहारा क्लब पोखराका नवनिर्वाचित अध्यक्ष केशवराज बराललाई कार्य सफलताको शुभकामना सहित बधाई ज्ञापन गर्‍यो। नवनिर्वाचित अध्यक्ष बरालले आफ्नो नेतृत्वको कार्यकालमा मञ्च गण्डकीसँगको सहकार्यलाई निरन्तरता दिँदै अगाडि बढ्ने बताए। खेल क्षेत्रका विकृती विसंगतीको बारेमा उजागर गर्ने काम पत्रकारको भएको भन्दै त्यसमा आफ्नो तर्फबाट सदैव साथ रहने बताए।

मञ्चले सातौं सस्करणको पोखरा स्पोर्ट्स अवार्ड २०७९ मा सहयोग गर्ने संघसंस्था र व्यक्तिहरुलाई प्रंशसा पत्र प्रदान समेत गर्‍यो। मञ्चका अध्यक्ष दीननाथ बराल, पूर्व अध्यक्ष एवं सल्लाहकार विनोद लामिछाने, पूर्व सल्लाहकार सुर्दशन रञ्जित, उपाध्यक्ष सुरज श्रेष्ठ, महासचिव राजाराम पौडेल र सचिव शशी कुमार पौडेलले उनीहरुलाई प्रशंसापत्र प्रदान गरेका थिए। मञ्च गण्डकीले यहीं असोज ६ गते पोखरामा आयोजना गर्ने साधारण सभा र विधान अधिवेशनको तयारी समेत तिव्रताका साथ अगाडि बढेको अध्यक्ष दीननाथ बरालले जनाए।

# ऐतिहासिक वाटुलेचौर तीज मेला सम्पन्न, विन्ध्यबासिनी सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, १ असोज

परापूर्वकालदेखि नै पोखराको वाटुलेचौरमा संचालन हुदै आएको ऐतिहासिक तीज मेला सम्पन्न भएको छ।

नेपाली महिलाको महान पर्व हरितालिका तीजको अवसरमा हिमालय क्लवले आयोजनामा गरेको मेलामा विशुद्ध तीज गीत र नृत्य गरिएको थियो। मेलामा १६ वटा आमन्त्रित समुहले आ आफ्ना तिज गीत तथा नृत्य प्रस्तुत गरिएको र सोही कार्यक्रममा तीजको परम्परागत भाका हम्काईलोको समेत प्रस्तुती रहने थियो। मेलामा पोखरा १६ र १९ वडाका १६ वटा आमा समुहले सहभागिता जनाएका थिए। सहभागी टिमलाई प्रोत्साहन स्वरुप नगद दश हजार र प्रमाणपत्र वितरण गरिएको छ। समुहलाई क्लवका अध्यक्ष सुशील वस्नेत, वडाध्यक्ष अमृत शर्मा तिमिल्सीना, निवर्तमान अध्यक्ष मोहन थापा , संयोजक तारा प्रसाद तिमिल्सीना, मानार्थ




सदस्य वेनी वहादुर वस्नेत लगायतले पुरस्कार तथा प्रमाण पत्र वितरण गरेका हुन्। साँझसम्म चलेको मेला हेर्न पोखरा सहित त्यस आसपासका क्षेत्रवाट सहभागीहरुको वाक्लो उपस्थिती रहेको थियो ।महेन्द्र गुफा तथा चमेरे गुफा पुगेका स्वदेशी तथा विदेशी पर्यटक समेत मेलामा झुम्मिएका थिए। मेलामा चर्चित लोक दोहोरी गायक राजन कार्की र ज्योति लोहनीले सहभागी दर्शकलाई आफ्ना एक दर्जन वढी तिजे भाकामा झुमाएका थिए ।उनीहरुले गाँउदा सहभागी महिलाहरु व्रतको प्रवाह नगरी कम्मर मर्काएरै दिनभर जसो छमछम्ती नाचेका थिए ।यस अघि त्यस क्षेत्रका विभिन्न १६ वटा आमा समुहका अध्यक्ष सहित वडा सदस्य राजकुमारी वाँनिया र मञ्जु वस्यालले संयुक्त रुपमा कार्यक्रमको उद्घाटन गरे। कार्यक्रममा पुर्व मन्त्री एवं गण्डकी प्रदेशका सांसद विन्दुकुमार थापा सहित विभिन्न व्यक्तिलाई मायाको चिनो प्रदान गरिएको क्लवले जनाएको छ।

क्लवका अध्यक्ष वस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत मन्तव्य निवर्तमा अध्यक्ष मोहन थापा र संचालन सचिव शिवराज देवकोटाले गर्नुभएको थियो।

यसै गरी पोखराको वाटुलेचौरमा रहेको विन्ध्यवासिनी माध्यमिक विद्यालय सम्मानित भएको छ। ऐतिहासिक वाटुलेचौर तिज मेलाको अवसरमा हिमालय क्लवले विद्यालयलाई सम्मान गरेको हो ।शिक्षा मन्त्रालयले गरेको शैक्षिक तथा भौतिक तर्फको मुल्यांकनमा सामुदायिक विद्यालय तर्फ देशभरमै उत्कृष्ट पहिलो वन्न सफल भई, यस क्षेत्रकै उच्च गौरव वढाएको उल्लेख गर्दै क्लवले सम्मान गरेको हो। क्लवका अध्यक्ष सुशील वस्नेतले विद्यालय व्यवस्थापन समितिका जेष्ठ सदस्य गुरुदत्त भट्टराई, प्रधानाध्यापक कृष्ण प्रसाद आचार्यलाई सम्मानपत्र प्रदान गरी सम्मानित गर्नुभयो ।सम्मान ग्रहण गर्न कार्यक्रम स्थलमा समितिका सदस्य तथा विद्यालयका शिक्षक कर्मचारीको उपस्थिती रहेको थियो।

# मुलुकको ...

"कठिनाइ हामीसँग रहेका छन्। हामीले केही गरेका छौं। तर जहाँसम्म गर्नुपर्ने हो त्यो मात्र नगरेका मात्र हौं।" उहाँले अध्ययन अनुसन्धानतर्फ ध्यान नदिँदा विकास निर्माण अघि नबढेको भन्दै विज्ञान प्रविधि आवश्यक रहेको भनाइ राख्नुभयो। उहाँले भन्नुभयो, "हामी ती पुर्खाका सन्तान हौं जसको 'जेनेटिक मेमोरी'ले काम गर्न सक्दछ। हाम्रो जीवनमा हाम्रा वैज्ञानिक पुर्खाको रगत रहेको छ। त्यसले गर्दा हामी छिट्टै जान्न र सिक्न सक्दछौं।" उहाँले मासुमा आत्मनिर्भर भनिएको भए पनि विदेशबाट ट्रकका ट्रक खसी आउने गरेको बताउनुभयो। "आत्मनिर्भर त भन्छौं। दशैंका लागि थुप्रै फर्मले खसीबोका हुर्काइरहेका होलान्। मेरा आँखा अगाडिबाट ट्रकका ट्रक खसी बोका आइरहेका छन् भने कसरी पत्याउने मासुमा आत्मनिर्भर छौं भनेर ?", उहाँले भन्नुभयो।

# लामाचौर ...

सान्त्वनालाई १० हजार र सहभागी टिमलाई प्रोत्साहनवापत २ हजार दिइयो। जसको निर्णायक संयोजक कलाकार दीपक खड्का थिए।

अन्तरविद्यालयस्तरीय लोकनृत्यप्रतियोगितामालामाचौरको सरस्वती आदर्श विद्याश्रम प्रथम भएको छ। भाष्कर ममोरियल दोस्रो र वेसलाइन एकेडेमी तेस्रो भए। सान्त्वना प्रगति इङलिस बोर्डिङ स्कुल, कुमुदिनी होम्स् र बालकल्याण मावि सान्त्वना भए। सिर्जना मावि उत्कृष्ट भेषभूषामा पुरस्कृत हुँदै ५ हजार पुरस्कार जितेको छ। प्रथम, दोस्रो, तेस्रो र सान्त्वना (३ टिम) लाई क्रमशः ४०, २५, १५ र ५ हजार प्राप्त गरेका छन्। अन्तिम दिन भलिबलसहित विभिन्न प्रतियोगिताका विजेतालाई पुरस्कार वितरण एवं स्रष्टा सम्मान गरियो। खेलकुदतर्फ दिलसरा राना र बास्केटबल तथा ह्याण्डबल प्लेयर जुमप्रसाद गुरुङ, शिक्षातर्फ पश्चिमाञ्चल इन्जिनियरिङ कलेज तथा साहित्य विधामा रवीन्द्र माकाजू सम्मानित भएको संस्थाका सहसचिव हरिबहादुर थापाले बताए। आयोजकले दैनिकरुपमा राष्ट्रिय कलाकारलाई महोत्सव उतारेको थियो। आइतबार समीक्षा अधिकारीको प्रस्तुतिमा दर्शक झुमेकोमा समापनमा लोकदोहोरी कलाकार चिज गुरुङ, श्रीकृष्ण बम मल्ल, बविता बानियाँ जेरी, लक्ष्मी मल्ल, दीपक खड्का लगायत कलाकारले प्रस्तुति दिएको संस्थाका प्रथम उपाध्यक्ष तथा सूचना एवं सञ्चार उपसमिति संयोजक दिनेश भण्डारीले बताए।

महोत्सवमा विभिन्न व्यापारिक स्टलहरुमा पनि ग्राहकको भिड लागेको थियो। संस्थाका अध्यक्ष स्वागतसिंह भण्डारीले महोत्सव सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्णमा आभार व्यक्त गरे। आयोजकले महोत्सवबाट बचत रकम आकस्मिक सेवा तथा तीज महोत्सव संचालन कोष वृद्धिका लागि थप गर्ने संस्थाका पूर्व अध्यक्ष बुद्धिबहादुर खत्री क्षेत्रीले बताए। संस्थाको २७ औं वार्षिक समारोहबीच इन्द्रराज्यलक्ष्मी माविको प्रांगणमा शनिबारदेखि सुरु महोत्सवको संघीय मन्त्री सुरेन्द्र आचार्यले समुद्घाटन गरेका थिए।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# कुरुप बन्दै कालीगण्डकी : सङ्कटमा 'जल' सभ्यता

**ध्रुवसागर शर्मा**
म्याग्दी, १ असोज (रासस)

नदी तटीय क्षेत्रलाई मानव सभ्यताको उद्‌गम स्थल मानिन्छ। नदीहरुमध्ये पनि धार्मिक र आर्थिक दृष्टिले समेत अत्यन्त महत्वपूर्ण मानिएको शालिग्राम शिला पाइने संसारकै एकमात्र नदी कालीगण्डकीको संसारभरी महत्व रहेको छ।

यति महत्वपूर्ण मानिएको कालीगण्डकी नदीको अस्तित्व नासिँदै जाँदा यो नदीसँग जोडिएको 'जल' सभ्यता पनि सङ्कटमा पर्दै जान थालेको छ । मानवीय लापर्बाही, नदीको दोहन र प्राकृतिक प्रकोपका कारण कालीगण्डकी कुरुप बन्दै गएको हो ।

कालीगण्डकीको महत्त्व विभिन्न धार्किक ग्रन्थहरुमा उल्लेख गरिएको छ । सबैभन्दा पुरानो मानिएको ऋग्बेदका अनुसार 'ऋषि त्रिशिरा त्वाष्ट्र देवता आपो देवता, गायत्री आपो हि ष्ठा मयोभुवस्ता न ऊर्जे दधातन। महे रणाय चक्षसे। अर्थात् हे जलदेवता ! तिमी सुखका मूल स्रोत हौ, हामीलाई पराक्रमले युक्त उत्तम कर्म गर्नका लागि पोषक रस प्रदान गर।' यस मन्त्रमा जललाई पराक्रम, उत्तम कर्म र सुखका लागि पोषण प्रदान गर्ने भनिएको छ । यसरी कालीगण्डकीको जलसँग सभ्यता जोडिएको छ। त्यसैगरी ऋग्वेदको अर्को ऋचामा 'यो वः शिवतमो रसस्तस्य भाजयते नः । उशतीरिव मातरः । अर्थात् हे जलदेवता ! हामीलाई अत्यन्त पोषक रस सेवन गर्न देऊ, आमाले आफ्ना दुधले बच्चालाई पोषण दिएझैं हामीलाई तिमी पोषित गर ।' यहाँ जल र मानिसको सम्बन्ध आमा तथा बच्चाको जस्तो भएको भनिएको छ । जलसँगै आमाको महत्त्व दिइएको छ।

कालीगण्डकी केवल पानीले निकास खोज्दै उँधोतिर बगेको नदीमात्र होइन, यो सिङ्गो पूर्वीय सभ्यता र संस्कृतिको महत्वपूर्ण धरोहर हो भन्ने कुरा विर्सदा कालीगण्डकीको सभ्यता सङ्कटमा पर्दैगएको गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले बताउनुभयो । राजा भरतले तपस्या गरेको पवित्र भूमि र भगवान् विष्णुका पाउले कुल्चिएको पावन भूमिमा बगेको कालीगण्डकी हजारौँ वर्षको मानव चेतनासँग गहिरोसँग अन्योन्याश्रित सम्बन्ध रहेको धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ। पछिल्लो समय गैरकानुनी रुपमा कालीगण्डकीको दोहन बढिरहेको र अतिक्रमण गरेर आफूखुसी प्रयोग भइरहेको प्रति उहाँले चिन्ता व्यक्त गर्नुभयो । विश्वकै एकमात्र शालिग्राम पाइने नदीका रुपमा यसको बेग्लै पहिचान बनेको छ।

हिन्दूहरुको शव कालीको किनारमा दाहसंस्कार गर्दा मृत्युपछि राम्रो हुने जनविश्वास अहिले पनि रहेको क्षेत्र विकास कोषका अध्यक्ष रेग्मीको भनाइ छ। कालीगण्डकीको महिमा यतिमै मात्र सीमित रहदैन। कालीगण्डकी शालिग्राम पाइने पवित्र नदी मात्र नभएर पशु, पंक्षी, किट, पतङ्गदेखि लिएर मानव जातीलाई समेत सेवा पुऱ्याएको प्राकृतिक सेवक पनि भएको पण्डित भीमनाथ पराजुलीले बताउनुभयो । "कालीगण्डकीको धार्मिक महत्व त अवर्णनीय छ नै, यसको जैविक, सांस्कृतिक र मानवीय दैनिकीसँग गाँसिएको महत्त्व पनि कम छैन", पण्डित पराजुलीले भन्नुभयो।

त्यसैंगरी राष्ट्रकवि स्व माधवप्रसाद घिमिरेले पनि कालीगण्डकी शालिग्राम कुद्‌ने विश्वकै एकमात्र नदी भएको उल्लेख गर्दै लेख्नुभएको छ,

"माछापुच्छ्रे गिरी शिखरको पारमा मुक्तिक्षेत्र

बल्छन् बत्ती झलमल जहाँ भुलभुले मुलभित्र

तिम्रो जन्मस्थल छ पहिलो ज्योतिको दिव्यधाम

काली गङ्गा भनन कसरी कुद्‌दछ्यौं सालिग्राम ?"

शालिग्राम कुद्‌ने विशिष्ट बरदान पाएको पवित्र नदी कालीगण्डकीको भौतिक अस्तित्वमाथि विकासका नाउँमा मानवीय प्रहार हुन थालेपछि पवित्र नदी कालीगण्डकीको सभ्यता र अस्तित्व दुवै सङ्कटमा परेको कालीगण्डकी बचाउ अभियानका अभियानकर्मी सागरजीवि उपाध्यायले बताउनुभयो।

ऋकवेदमा 'ईशाना वार्याणां क्षयन्तीयार्षणीनाम् अपो याचामि भेषजम् अर्थात् जल प्रवाह मानिसको इच्छित पदार्थको स्वामी र सम्पूर्ण प्राणीको आश्रयदाता हो । हामी जलबाट औषधिमा जीवनरसको कामना गर्दछौं' भनिएको छ । यसले पनि जल सभ्यता के हो भनेर बुझ्न सकिने पं पराजुलीले बताउनुभयो । पं पराजुलीले भन्नुभयो, "नदी मानवजातिको सभ्यता र विकासको आधार हो, मानवसभ्यताको विकास नदी किनारमा नै बढी भएको छ, नदीहरू जलस्रोत हुन्, जीवनका लागि र जीवनपछि पनि जलको महत्व रहेको छ, नदी/जल हाम्रा धार्मिक, आध्यात्मिक, सांस्कृतिक, आर्थिक उन्नतिका आधार हुन्, हाम्रो स्वास्थ्य र दिनचर्या जल–पानीमा आधारित छ, आर्थिक समृद्धिका लागि जल र जलसँग सम्बन्धित उद्यम, उपक्रममा अझ जोड दिन आवश्यक छ।" ती सबै नदीहरुमध्ये कालीगण्डकी नदीको विशिष्ट महत्व रहेको उहाँको भनाइ छ।

कालीगण्डकीको मुक्तिनाथदेखि देवघाटसम्मको क्षेत्र अत्यन्त पावन क्षेत्र मानिन्छ । यसबाट हजारौँ हेक्टर भूमि सिञ्चित भएको छ । कालीलाई थुनेर ठाउँठाउँमा विद्युत् ऊर्जा निकालिएको छ । नेपालकै सबैभन्दा ठूलो भनेर चिनिने कालीगण्डकी हाइड्रोपावर पनि यसै नदीमा रहेको छ । पछिल्लो समय कालीगण्डकी तिनाउ बहुउद्देश्यीय डाइभर्सन आयोजनाका कारण कालीगण्डकी चर्चामा छ । बुटवल, भैरहवा, रुपन्देही, कपिलवस्तुलगायतका क्षेत्रमा कालीगण्डकीको पानी पुऱ्याएर सिँचाइ, जलविद्युत् र अन्य प्रयोजनका लागि लाभान्वित गर्ने बृहत् उद्देश्यका साथ डिजाइन गरिएको राष्ट्रिय आयोजनाका रुपमा यस आयोजनालाई लिइएको छ।



पुम्दीकोट महादेवमा दर्शनार्थीको घुइँचोः
हिन्दु नारीहरुको महान पर्व तिजको अवसरमा पोखरा महानगरपालिका-२२ स्थित पुम्दीकोटमा रहेको महादेवको मूर्ति रहेको स्थानमा दर्शनार्थीको घुइँचो। तस्विर : धनबहादुर गुरुङ/रासस

# नाच्नेडाँडामा छमछमी !

**पोखरापत्र संवाददाता**
पोखरा, १ असोज

तीज आयो कि नाच्नेडाँडाको रौनक फेरिइहाल्छ। तीज पर्वसँग यसको पुरानो साइनो छ। तीजमा नाचगान हुन थालेपछि ठाउँको नामै नाच्नेडाँडा रहन गएको हो । बागलुङको गलकोट नगरपालिका-७ मल्मस्थित नाच्नेडाँडामा वर्षेनी तीज मेला लाग्छ। स्वतःस्फूर्त ढङ्गले चल्दै आएको मेला अहिले संस्थागत भइसकेको छ।

यसपालिको तीजमा पनि नाच्नेडाँडामा दुई दिन मेला चल्यो । आइतबार गाउँका छोरीचेली भेला भएर सामूहिक दर खाए । तीजका गीतमा छमछमी नाचे । घैँटोफोडलगायत खेलमा रमाए। सोमबार तीज गीत तथा नृत्य प्रतियोगितासहित सांस्कृतिक कार्यक्रम भए । कलाकारले प्रस्तुति दिए।

प्रतियोगितामा सात समूहले भाग लिएको नाच्नेडाँडा संरक्षण समाजका अध्यक्ष सविता मरासिनीले जानकारी दिनुभयो । मेलाका अवसरमा ज्येष्ठ, समाजसेवी महिला र आगन्तुक चेलीलाई अभिनन्दन गरिएको उहाँले बताउनुभयो । "सधैँ झैं यो वर्ष पनि नाच्नेडाँडामा भेला भई दिदीबहिनीहरूले उल्लासपूर्वक तीज पर्व मनाउनुभयो", अध्यक्ष मरासिनीले भन्नुभयो । मेलामा गण्डकी प्रदेशसभाका उपसभामुख बीना थापा मगर, नेत्र चिकित्सक प्राडा सल्मा केसी राईलगायत विशिष्ट व्यक्तिले सहभागिता जनाएका थिए । सोही ठाउँमा अवस्थित दुई सय ७० वर्ष पुरानो सिद्देश्वर शिवालय मन्दिरले पनि तीज पर्व र नाच्नेडाँडाको महिमा बढाएको छ । तीजमा महादेवको ब्रत बस्ने र पूजाआजा गर्ने महिलाको त्यहाँ उत्तिकै भीड लाग्छ । तीज लगत्तै पर्ने ऋषिपञ्चमीमा पनि शिवालयमा चहलपहल हुन्छ । स्थानीयवासी तिलकुमारी थापाले आफू सानै हुँदादेखि नाच्नेडाँडामा तीज मेला लाग्ने गरेको सुनाउनुभयो। "टाढा-टाढाबाट माइतीघर आएका चेलीबेटी भेट हुने, दुःख-सुख साट्ने, रमाउने ठाउँ नै यहीँ नाच्नेडाँडा हुन्थ्यो", ८० वर्षीया उहाँले भन्नुभयो, "गलकोट क्षेत्रकै पुरानो शिवालय पनि यही भएकाले यो ठाउँको विशेष महत्त्व छ ।" अहिलेको पुस्ताले नयाँ स्वरूपमा भए पनि तीज मेलालाई निरन्तरता दिएकामा उहाँले खुसी व्यक्त गर्नुभयो। गलकोट-७ का वडाध्यक्ष राजबहादुर थापाले विसं २०५० देखि तीज गीत तथा नृत्यलाई प्रतियोगितात्मक रूपमा सञ्चालन गर्न थालिएको बताउनुभयो । "त्योभन्दा पहिले स्वतःस्फूर्त रूपमा तीज मेला लाग्थ्यो, परम्परागत रूपमा त्यो चलेको थियो, विसं २०५० पछि मेला व्यवस्थित र संस्थागत गरिएको हो", उहाँले भन्नुभयो, "नाच्नेडाँडा गलकोट क्षेत्रकै ऐतिहासिक थलो हो, यसको संरक्षण र विकासमा स्थानीय समुदायको ठूलो योगदान छ।" दशकौँ पुरानो नाच्नेडाँडाको तीज मेला हेर्न गलकोट र बाहिरबाटसमेत आगन्तुक आउने गरेकोसमाजकाअध्यक्षमरासिनीले बताउनुभयो। "परापूर्वकालदेखि नै नाच्ने डाँडामा तीजको कार्यक्रम हुँदै आएको हो, पछिल्लो समय मेलाको रूपमा निरन्तरता दिएका छौँ", अध्यक्ष मरासिनीले भन्नुभयो । वर्षेनी मेलामा खुला तीज गीत तथा नृत्य प्रतियोगिता, सामूहिक दर खाने कार्यक्रम, महिला घैँटोफोडलगायत कार्यक्रम आयोजना गर्ने गरिएको छ । मेलाले तीजको पुरानो परम्परालाई जोगाउन मद्दत पुगेको समाजले जनाएको छ। मौलिक तीज गीत, नृत्य, दर खाने कार्यक्रम आदिले नयाँ संस्कृतिको पुस्तान्तरणमा पनि सघाउने विश्वास लिइएको छ। तीजमा आउने ब्रतालु महिला र अरु भक्तजनका लागि सिद्धेश्वर शिवालयमा पूजाआजाका लागि पनि विशेष प्रबन्ध मिलाउने गरिएको छ । शिवालय सेवा समितिका अध्यक्ष ज्ञानबहादुर थापाले श्रद्धालुलाई लक्ष्य गरी मन्दिर परिसरमा एक सय आठ शिवलिङ्ग मण्डप निर्माण गरिएको बताउनुभयो । भक्तजन र दाताको सहयोगमा झण्डै रु ४० लाख खर्चेर सो मण्डप तयार गरिएको हो । त्यस क्षेत्रमै पहिलोपटक शिवलिङ्ग मण्डप बनेपछि पछिल्लो समय शिवालय मन्दिरमा भक्तजनको आकर्षण बढेको हो।

विसं १८१० मा मन्दिर निर्माण भएको अध्यक्ष थापाले जानकारी दिनुभयो। पाण्डवखानी भन्ने ठाउँबाट एक साधु आई त्यहाँ बस्न थालेपछि शिवालय स्थापना गरिएको गाउँका अगुवा बताउँछन् । उक्त मन्दिर अहिले जीर्ण अवस्थामा छ । समितिले मन्दिरको पुनःनिर्माणसहित बृहत्तर विकास योजनाअघि बढाएको छ । पुरातात्विक कलाकौशल झल्कने गरी मन्दिर पुनःनिर्माण गरिने जनाइएको छ। मन्दिरसहित धर्मशाला, सभाकक्षलगायत संरचना त्यहाँ बन्नेछन् । झण्डै चार रोपनी क्षेत्रफलमा फैलिएको मन्दिरमा शिवरात्रि र बालाचर्तुदर्शी पर्वमा विशेष मेला लाग्ने गर्छ । शिवालयमा नित्य पूजाआजासमेत हुने गरेको छ।

# धम्पुसदेखि झिझिर्का हुँदै हेम्जासम्म हाइकिङ सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १ असोज

हाइकर्स क्लब नेपालको आयोजनामा स्वास्थ्य र पर्यटनको लागि हाइकिङ भन्ने नाराका साथ हरेक महिनाको अन्तिम शनिबार हुँदै आएको हाइकिङ भाग ३८ धम्पुसदेखि ह्याम्जाकोट होमस्टे, धिताल, अस्ताम हुर्दै हेम्जा मिलनचोकसम्म गरिएको छ।

महिनाभर काममा व्यस्त रहने सबै प्रकारका जागिरे, दैंनिक घरायसी काममा व्यस्त रहने गृहणी महिला दिदीबहिनी तथा विद्यार्थी, प्रोफेसर, डाक्टरहरु सबै क्लबले आयोजना गरेको हाइकिङमा सहभागी हुने गरेको क्लबका अध्यक्ष कृष्ण रानाभाटले वताए।

हाइकिङमा पैदल हिड्‌दै, ग्रामिण परिवेशको आनन्द लिदैं पर्यटकीय क्षेत्रहरुको अवलोकन गर्न महिला दिदीबहिनीहरुको उपस्थिति वढ्‌दै गएको क्लबकी उपाध्यक्ष तथा नगेन न्युज डटकमकी प्रवन्ध निर्देशक ज्योति हमालले वताइन्।



विगत ४ वर्षदेखि निरन्तर संचालनमा रहेको हाइकिङ कार्यक्रम कास्की जिल्लामा मात्र नभएर छिमेकि जिल्लाहरु तनहु र स्याङ्जाका ग्रामिण भेगहरुमा पनि गरि सकेको जानकारी क्लबका सदस्य तथा आईटी विभाग प्रमुख पितम सेनले वताए । हाइकिङ भाग ३८ मा सहभागिहरु ४० जना रहेका थिए । पोखराको न्युरोडबाट वसमा धम्पुस गएको हाइकिङ समुह धम्पुसबाट ह्याङ्जाकोट सामुदायिक होमस्टे, धिताल, अस्तामका होमस्टेहरुको अवलोकन गर्दै अन्नपुर्ण इको भिलेजमा विहानको खाना खाएको र नेपाली हिन्दु महिलाहरुको हरितालिका तिजको अवसर पनि भएकोले सोही भिलेजमा नाचगानमा एकैछिन रमाईलो गरी पैदल हेम्जा मिलनचोक आईएको ट्रेकिङ गाईड तथा क्लबका सदस्य सुन्दर त्रिपाठीले वताए । सो अवसरमा पहिलो पटक सहभागि पोखरा ८ का डा. विष्णु ज्वारचन, फार्म हर्ट रिसिडेन्सीका अध्यक्ष कृष्ण बहादुर क्षेत्री, श्रद्धा सदनकी संचालक शोभा कुँवर, एसओएस भोकेसनल ट्रेनिङ छोरेपाटनका मोहन केसी, फुलबारी निवासी कृष्णमान श्रेष्ठ, लेकसाईड निवासी विद्यार्थी आयुष्मा क्षेत्री, व्यवसायी जिवन श्रेष्ठ, मगर संघका जिवन थापा मगर, पोखरा १७ का कमल रानाभाट र श्रीमती, पोखरा १३ का सुवेदार भिमबहादुर रानाभाट र लेखनाथ रानाभाट, पोखरा ९ दरबारथोकका शर्मिला रानाभाट र आरती रानाभाट हाइकिङको अनुभव सुनाएका थिए।

क्लबलाई कास्की जिल्ला प्रशासनमा विधिवत दर्ता गरी सहभागीहरुको विमा, परिचयपत्र, सदस्यता प्रमाणपत्र, ज्याकेट, टोपि लगाएतको व्यवस्थापन गर्दै जाने योजना रहेको पनि सो अवसरमा जानकारी गराईएको थियो।

# कौरा संरक्षणका लागि प्रतियोगिता

**पोखरापत्र संवाददाता**
दमौली, १ असोज

कौरा नृत्य संरक्षणका लागि तनहुँमा प्रतियोगिता आयोजना गरिएको छ । नयाँ पुस्तालाई कौरा नृत्यमा आकर्षित गराउने उद्देश्यसहित तनहुँको बन्दीपुर गाउँपालिका-१ डुम्रेमा कौरा नाच प्रतियोगिता आयोजना गरिएको हो । डुम्रे सांस्कृतिक एवं सामाजिक संरक्षण समितिको आयोजनामा भएको प्रतियोगितामा ऋषिङ गाउँपालिका-१ स्थित झापुटार युवा क्लव प्रथम भएको छ । प्रतियोगितामा बन्दीपुरको छपेली युवा क्लव द्वितीय र बन्दीपुरकै कोरिखा युवा क्लव तृतीय भएका छन् । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीयलाई क्रमशः रु २५ हजार पाँच सय ५५, सात हजार पाँच सय ५५ र रु पाँच हजार पाँच सय ५५ नगद पुरस्कार प्रदान गरिएको छ। प्रतियोगितामा पाँच वटा समूहको सहभागिता थियो।

संस्कार र संस्कृतिको जगेर्ना गर्ने उद्देश्यसहित कौरा नृत्य प्रतियोगिता आयोजना गरिएको समितिका संयोजक घनश्याम श्रेष्ठले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "कौरा नृत्य तनहुँको चिनारी हो । यसको संरक्षण गर्दै अहिलेको पुस्तालाई यसमा आकर्षित गराउनु कार्यक्रमको मुख्य उद्देश्य थियो।" विजयीलाई पुरस्कृत गर्दै वरिष्ठ लोक गायक प्रेमराजा महतले संस्कार र संस्कृति जोगाउनु सबैको कर्तव्य भएको बताउनुभयो । समितिकै आयोजनामा शनिबार डुम्रेमा लाखे नाच प्रतियोगिता सम्पन्न भइसकेको छ। पछिल्लो समय लाखे नाच लोप हुँदै गएपछि समितिले लाखे नाच प्रतियोगिता गरेको थियो । प्रतियोगितामा भक्तपुरको विश्वकर्मा लाखे च्वांख प्रथम हुन सफल भएको छ । कूल ३१ समूह सहभागी प्रतियोगितामा तनहुँको डुम्रेस्थित झिङ्गु नेवा पुचः द्वितीय, बन्दीपुरको खड्‌कमाइ सांस्कृतिक समूह तृतीय भएका छन् । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय हुनेले क्रमशः रु ४० हजार पाँच सय ५५, रु २० हजार पाँच सय ५५ र रु पाँच हजार पाँच सय ५५ नगद पुरस्कार प्राप्त गरेका थिए।

**श्री सैनिक आवासीय महाविद्यालय, पोखराको विद्युतीय बोलपत्र/सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**सूचना नं. :**

**NAWF/SAMV/GOODS/PKR/2080/81/13**
**NAWF/SAMV/GOODS/PKR/2080/81/14**
**NAWF/SAMV/GOODS/PKR/2080/81/15**
**NAWF/SAMVNC/PKR/2080/81/18**
**NAWF/SAMVNC/PKR/2080/81/19**

**(प्रथम पटक प्रकाशित मितिः २०८०/०६/०२ गते।**

**आ.ब. ०८०/८१ मा सैनिक आवासीय महाविद्यालय, पोखरामा विभिन्न निर्माण/मर्मत कार्य, कार्यालय उपकरण, मेशिनरी औजार तथा फर्निचरका सामाग्रीहरु खरिद गर्नको लागि e–GP System को माध्यमबाट बोलपत्र/दरभाउपत्र आव्हान गरिएको हुँदा ईजाजत प्राप्त ईच्छुक बोलपत्रदाता/दरभाउपत्रदाताहरुले विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमनको कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp हेर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि यस कार्यालयको फोन नं. ०६१–५७७७४५ मा सम्पर्क गरी बुझ्न सक्नुहुनेछ।**